८. रूपान्तरः मूल ऐनमा ठाउँ ठाउँमा प्रयोग भएका "सहकारी संस्था" भन्ने शब्द-हरूको सट्टा "साझा संस्था" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४६ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### उच्च माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः राष्ट्र र राजमुकुटप्रति श्रद्धा एवं भक्तिको भावना दिगो राखनको साथै राष्ट्रिय एकतालाई बढी सुदृढ गर्न तथा सर्वसाधारण जनताको सदाचार, शिष्टता र नैतिकता कायम राखन, ज्ञान विज्ञान, सीप आदि विभिन्न क्षेत्रमा विस्तार गर्दै लैजानका लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनसहभागिता परिचालन गरी गुणस्तरयुक्त मध्यम स्तरीय जनशक्तिको उत्पादन एवं उच्च शिक्षा प्रवेशका निमित्त पूर्वाधारका रूपमा हाल प्रचलनमा रहेको दश वर्षे विद्यालय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गरी उच्च माध्यमिक शिक्षाको तह सिर्जना गर्न र यस तहको शिक्षाको स्वरूप, स्तर, संचालन र नियन्त्रणको समेत व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "उच्च माध्यमिक शिक्षा ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ "उच्च माध्यमिक शिक्षा" भन्नाले कक्षा एघार र बाह्रमा दिइने शिक्षा सम्झनुपर्छ ।

२.२ "उच्च माध्यमिक विद्यालय" भन्नाले उच्च माध्यमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

२.३ "उच्च माध्यमिक शिक्षा परीक्षा (हाइयर सेकेण्डरी एजुकेशन एक्जामिनेशन)" भन्नाले उच्च माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

२.४ "परिषद्" भन्नाले दफा ५ बमोजिम गठित उच्च माध्यमिक शिक्षा परिषद् (हाइयर सेकेण्डरी एजुकेशन बोर्ड) सम्झनुपर्छ ।

२.५ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. उच्च माध्यमिक शिक्षा दिने विद्यालयले सम्बन्धन लिनु पर्नेः श्री ५ को सरकारबाट स्वीकृति प्राप्त माध्यमिक विद्यालयले तोकिएको शर्त पालना गरेमा परिषद्ले त्यस्तो माध्यमिक विद्यालयलाई उच्च माध्यमिक शिक्षा दिने विद्यालयको रूपमा सम्बन्धन प्रदान गर्न सक्नेछ ।

४. उच्च माध्यमिक विद्यालयको सञ्चालनः उच्च माध्यमिक विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उच्च माध्यमिक शिक्षा परिषद्को गठन, काम, कर्तव्य र अधिकारः

५.१ देहायका सदस्यहरूभएको एक उच्च माध्यमिक शिक्षा परिषद् गठन हुनेछः–

५.१.१ शिक्षा तथा संस्कृति मन्त्री – अध्यक्ष

५.१.२ शिक्षा तथा संस्कृति सहायक मन्त्री – उपाध्यक्ष

५.१.३ सभापति, राष्ट्रिय पञ्चायत सामाजिक समिति – सदस्य

५.१.४ सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य

५.१.५ सदस्य-सचिव, राष्ट्रिय शिक्षा समिति – सदस्य

५.१.६ प्रमुख, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय – सदस्य

५.१.७ पाठ्यक्रम सम्बन्धी प्रमुख, महेन्द्र संस्कृत विश्वविद्यालय – सदस्य

५.१.८ प्रमुख, पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र, शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य

५.१.९ क्षेत्रीय शिक्षा निरीक्षक, मध्यमाञ्चल क्षेत्रीय निरीक्षकको कार्यालय – सदस्य

५.१.१० परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय – सदस्य

५.१.११ परीक्षा नियन्त्रक, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा – सदस्य

५.१.१२ उच्च माध्यमिक विद्यालयका अध्यापकहरू मध्ये नेपाल राष्ट्रिय माध्यमिक विद्यालय शिक्षक सङ्घ-बाट मनोनीत एकजना – सदस्य

५.१.१३ श्री ५ को सरकारबाट मनोनीत शिक्षाविद् एकजना – सदस्य

५.१.१४ परीक्षा नियन्त्रक, उच्च माध्यमिक शिक्षा – सदस्य-सचिव

५.२ उपदफा ५.१.१२ र ५.१.१३ बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

५.३ उपदफा ५.१ बमोजिम गठित उच्च माध्यमिक शिक्षा परिषद्को काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

६. समिति गठन गर्न सक्नेः

६.१ परिषद्ले उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम निर्धारण, परीक्षा सञ्चालन र सम्बन्धनका निमित्त एक वा एक भन्दा बढी समितिहरू गठन गर्न सक्नेछ ।

६.२ उपदफा ६.१ बमोजिम गठित समितिको गठनविधि, काम, कर्तव्य र अधिकार परिषद्ले तोकेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 280

७. परिषद् स्वशासित सङ्गठित संस्था हुनेः

७.१ परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ ।

७.२ परिषद्‌को कामको निमित्त आफ्नो एउटा छाप हुनेछ ।

७.३ परिषद्‌ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितो बन्धक राख्न, बेचबिखन गर्न र अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

७.४ परिषद्‌ले व्यक्ति सरह आफ्नो नाउँबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

७.५ परिषद्‌को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

८. उच्च माध्यमिक विद्यालयमा भर्ना हुन चाहिने योग्यताः माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह परीक्षा उत्तीर्ण भएका विद्यार्थी उच्च माध्यमिक विद्यालयमा भर्ना लिइन योग्य हुनेछन् ।

९. उच्च माध्यमिक शिक्षाको मान्यताः उच्च माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण प्रमाण-पत्रलाई नेपाल अधिराज्यका विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे सरह मान्यता प्राप्त हुनेछ ।

१०. कर्मचारी सम्बन्धी व्यवस्थाः

१०.१ परिषद्‌ले आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न सक्नेछ ।

१०.२ परिषद्‌का कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१०.३ परिषद्‌का कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त एवं सुविधा तोकिएबमोजिम हुनेछ ।

११. परिषद्‌को कोषः

११.१ परिषद्‌को एक छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरू रहनेछन्:–

११.१.१ श्री ५ को सरकारबाट प्राप्त अनुदान,

११.१.२ चन्दाबाट प्राप्त रकम,

११.१.३ अन्य स्रोतबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 469

११.२ परिषद्को तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरू उपदफा ११.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

११.३ उपदफा ११.१ बमोजिमको कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१२. परिषद्को लेखा र लेखा परीक्षणः

१२.१ परिषद्को लेखा श्री ५ को सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१२.२ परिषद्को लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१२.३ श्री ५ को सरकारले परिषद्को हिसाब किताब सम्बन्धी कागजात नगदी र जिन्सीसमेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१३. प्रवीणता प्रमाणपत्र तहका कक्षाहरू उच्च माध्यमिक विद्यालयमा स्थानान्तरण हुन सक्नेः

१३.१ यो ऐन प्रारम्भ हुँदाका बखत त्रिभुवन विश्वविद्यालय अन्तर्गत आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालन भै रहेका प्रवीणता प्रमाणपत्र तहका कक्षाहरू उच्च माध्यमिक विद्यालयमा स्थानान्तरण हुन सक्नेछन् ।

१३.२ त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको क्षेत्रमा त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तहको कक्षा सञ्चालन गर्न कुनै शैक्षिक निकायलाई स्वीकृति वा सम्बन्धन दिन सक्नेछैन ।

१४. अधिकार प्रत्यायोजनः परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमबाट आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार क्षेत्रीय शिक्षा निरीक्षक, जिल्ला शिक्षा निरीक्षक वा परिषद्को समिति वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः

१५.१ श्री ५ को सरकारले उच्च माध्यमिक शिक्षाको सम्बन्धमा परिषद्लाई समय समयमा निर्देशन दिन सक्नेछ ।

१५.२ उपदफा १५.१ बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।